नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्याः

चलानी नं.:

बबरमहल, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

२०७७ सालको मनसुन (जेठ ३० देखि असोज ३०) मा बाढी र पहिरोका कारण धेरै जनधनको क्षति भएको कुरा विदितै छ । उक्त विपद्बाट सिन्धुपाल्चोक, बाग्लुङ, म्याग्दी, दोलखा, बाजुरा, अछाम, कालिकोट, नुवाकोट, जाजरकोट, दार्चुला, बझाङ, दाङ, गोरखा, मकवानपुर, तनहुँ, अर्घाखाँची, स्याङ्जा, रसुवा, धनकुटा, संखुवासभा, गुल्मी, मोरङ लगायतका जिल्लाहरु बढी प्रभावित भए ।

यस्ता विपद्बाट आवास विहिन भएकाको आवास पुनर्निर्माणमा सहयोग गर्ने उद्देश्यले माननीय गृह मन्त्री श्री रामबहादुर थापा 'बादल' को अध्यक्षतामा मिति २०७७।०९।२६ गते बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकबाट **"मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७"** स्वीकृत गरेको छ ।कार्यविधि https://bit.ly/3vwWe4c बाट डाउनलोड गरी हेर्न सकिनेछ ।

उक्त कार्यविधिअनुसार लाभग्राहीको पहिचान स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ । लाभग्राहीको अन्तिम सूची जिल्ला विपद् व्यवस्थापन समितिले तयार पार्नेछ । सम्बन्धित वडा र लाभग्राहीबीच सम्झौता भएपछि पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्य अगाडि बढ्नेछ ।

कार्यविधि बमोजिमको प्रक्रिया पूरा भएको अनुदान रकम कार्य प्रगतिको आधारमा निम्नअनुसार लाभग्राहीको बैंक खातामा जम्मा गरिनेछः

| सि नं. | अनुदानको शिर्षक | अनुदान रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | अस्थायी आवास निर्माण अनुदान | ५० हजार | पहिलो किस्ताः २५ हजार र दोस्रो किस्ताः २५ हजार |
| २. | पुनर्निर्माण वा पुनर्स्थापना अनुदान | | तीन किस्तामा क्रमशः |
| | हिमाली जिल्लामा | ५ लाख | ५० हजार, २ लाख ५० हजार र २ लाख |
| | पहाडी जिल्लामा | ४ लाख | ५० हजार, २ लाख र १ लाख ५० हजार |
| | तराईका जिल्लामा | ३ लाख | ५० हजार, १ लाख ५० हजार र १ लाख |
| ३. | घडेरी अनुदान | बढीमा ३ लाखसम्म | घडेरी पनि नहुनेहरुलाई मात्र |
| ४. | मर्मत वा प्रबलीकरण अनुदान | ५० हजार | कार्य सम्पन्न भएपछि एकमुष्ट |

उक्त अनुदान रकम सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले संयुक्त रुपमा व्यहोर्ने छन् । लागत सहभागिताका आधारमा जिल्ला विपद् व्यवस्थापन कोषमा रकम जम्मा भएपछि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित लाभग्राहीको बैंक खातामा पठाउने विधि तय भएको छ । कार्यविधि अनुसार गाउँपालिका, नगरपालिका, उप/महानगरपालिकाले क्रमशः १०, १५ र २० प्रतिशत तथा प्रदेश सरकारले ३० प्रतिशत र बाँकी रकम संघीय सरकारले व्यहोर्नु पर्नेछ । यस कामको समन्वय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरिरहेको छ ।

कोभिड १९ को प्रतिकूलताका कारण केही ढिलाई भएतापनि भर्खरै यस प्राधिकरणले उक्त कामको थालनीका लागि संघीय सरकारबाट रु. २० करोड प्राप्त गरेको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र मागका आधारमा उक्त रकम जिल्लामा पठाउन शुरु गरिएको छ । हालै **मात्र म्याग्दी जिल्लामा २४७ वटा निजी घरहरु पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि प्रथम किस्तास्वरुप संघीय सरकारले व्यहोर्नु पर्ने रकम रु. १ करोड ८ लाख ९७ हजार ५ सय रुपैयाँ पठाइएको छ** । त्यसैगरी अन्य प्रभावित जिल्लामा पनि कार्यविधिका आधारमा रकम पठाउने प्रक्रिया शुरू भैसकेको व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

विपद् पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापनालाई पहिलो प्राथमिकतामा राखी कार्य अगाडी बढाउन सबै तहका सरकार, सरोकारवाला निकाय तथा व्यक्तिहरुको समन्वय र सहयोगको आवश्यकता हुन्छ । तसर्थ, सबै तहका सरकारको यो कल्याणकारी अभियानमा साथ र सहयोगको अपेक्षासमेत गर्दछौं ।

धन्यवाद ।

(लीलाधर अधिकारी)
प्रवक्ता

मितिः २०७८।०१।२० गते सोमबार



फोनः ०१-५३५८२४०, ४१०२१९३, ४१०२१७९ टोल फ्रि: ११४९ इमेल : info@bipad.gov.np, ndrrma@gmail.com, URL:www.bipad.gov.np